# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८०।०९।०५ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये राजस्व रकम हिनामिना गरी भ्रष्टाचार गरेको सम्बन्धी मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८०।०९।०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | **प्रतिवादीहरु** मदन प्रसाद गुप्ता, युगल किशोर ठाकुर र शत्रुधन राउत(वि.अ. को मु.नं. ०७५-CR-०२७८) वि.अ. को फैसला मिति २०८०।०३।१७) | राजश्व हिनामिना गरी भ्रष्टाचार गरेको। | सरकारी कार्यालयबाट संकलन भएको राजश्व कानून वमोजिम सम्भव भएसम्म सोही दिन नभए त्यसको भोलिपल्ट सम्वन्धित राजश्व खातामा जम्मा गरी राजश्व जम्मा गरेको भौचर समेत नत्थी गरी तोकिएको ठाँचामा आर्थिक विवरण तयार गरी कार्यालय प्रमुखले प्रमाणित गरी अभिलेख सुरक्षित राख्नुपर्नेमा आफू स्वयम् राष्ट्रसेवक कर्मचारी भई आफू समेतको मिलेमतो र प्रत्यक्ष संलग्नतामा आफ्नो पदको दुरुपयोग गरी बदनियतपूर्वक आफूलाई तोकिएको जिम्मेवारी र पदीय दायित्वबाट बिमुख भई आफू समेतलाई गैरकानूनी लाभ एवम् प्रत्यक्ष फाइदा पुऱ्याउने र नेपाल सरकारलाई गैरकानुनी हानी पुर्याउने गरी सरकारी राजश्व निजी बैंक खातामा जम्मा गर्ने, कार्यालयबाट संकलन भएको राजश्व खाई मास्ने तथा आफू कार्यरत रहेको कार्यालयको हिसाब किताब समेत दुरुस्त राख्ने कार्य नगरी आर्थिक बर्ष २०७५/०७६को फाल्गुण १२ गतेसम्ममा संकलित राजश्व रकममध्ये रू.४,५८,७१,०२०।१३ (रुपैंया चार करोड अन्ठाउन्न लाख एकहत्तर हजार बीस पैसा तेह्र) | <u>**फैसलाः**</u><br><br>**प्रतिवादीहरु** मदन प्रसाद गुप्ता, युगल किशोर ठाकुर र शत्रुधन राउतलाई आरोपदावीवाट सफाई पाउने।<br><br><u>**विशेष अदालतले सफाई दिदा लिएका आधारः**</u><br><br>क) व्यक्तिको नाममा खाता खोली त्यसमा सरकारी राजस्व रकम जम्मा गर्नु कानूनतः गलत हुन्छ, तथपि प्रस्तुत मुद्दामा जम्मा गरेको सम्पूर्ण रकमलाई बिगो कायम गरिएको नदेखिँदा निजहरुले गलत काम गरेको देखिए पनि बदनियतपूर्वक खाइमासी गरेको अवस्था नभई प्रतिवादीहरुको नाउँमा रहेको खातामा मौज्दात रहेको देखिएको र उक्त बिगो रु.२७६,४४,००१।१३ राजस्व रकम भई सो खाता रोक्का रहेको, प्रचलित कानून वमोजिम जरिवाना एवं बिभागीय कारवाही समेत गरी सो खाताको रकम नेपाल सरकारले जफत गरी असुल उपर गर्न सक्ने।<br>ख) आ.व.२०७५/०७६ को महालेखापरीक्षकको प्रतिवेदनमा बेरुजु देखाइएको रकम रु.१,७८,०९,३७८।— प्रतिवादी शत्रुधन राउतले बैंक दाखिला गरिसकेको भनी मालपोत कार्यालय, सिमरा, बाराको पत्रबाट देखिँदा उक्त अवधिको राजस्व रकम हिनामिना | क) प्रस्तुत मुद्दामा मिसिल संलग्न रहेका भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सिंहदरबारको च.नं.१५१, मिति २०७५/०४/२२ गतेको पत्र, कोष तथा लेखा नियन्त्रक कार्यालय, बाराले प्रमाणित गरिदिएको दस्तखत नमुना कार्ड, प्रमुख कोष नियन्त्रक चिरञ्जीवी अधिकारीको बयान तथा बकपत्र, प्रतिवादीहरुको अनुसन्धानको क्रममा र अदालतमा भएका बयान कागजातहरु समेतका प्रमाणहरुबाट यी प्रतिवादीहरु मालपोत कार्यालय, सिमरा, बारामा आ-आफ्नो पदीय जिम्मेवारीमा कार्यरत रहेको कुरा विवादरहित छ। साथै, मिसिल संलग्न मालपोत कार्यालय, सिमरा, बाराबाट विभिन्न शीर्षकमा संकलित राजश्व रकम जम्मा गर्ने प्रयोजनार्थ प्रतिवादीहरु कार्यालय प्रमुख मदन प्रसाद गुप्ता र लेखापाल युगल किशोर ठाकुरको संयुक्त नाममा बचत खाता सञ्चालन गर्नको लागि राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, सिमरा, बारालाई मालपोत कार्यालय, सिमरा, बाराले पत्राचार गरेको च.नं.१२, मिति २०७५/०५/०७ गतेको पत्र, उक्त बैंकले प्रतिवादीहरु मदन प्रसाद गुप्ता र युगल किशोर ठाकुरको संयुक्त नाममा मिति २०७५/०५/०७ गते खोलिदिएको निजी बचत खाता नं. १२३०००१९१८१०, प्रतिवादीहरुको अनुसन्धानको क्रममा र अदालतमा भएका बयान कागजातहरु समेतका प्रमाणहरुबाट प्रतिवादीहरुले मालपोत कार्यालय, सिमरा, बाराबाट विभिन्न शीर्षकमा संकलित राजश्व दाखिला गर्नको लागि निजी बचत खाता खोली सोही खातामा संकलित राजश्व दाखिला गरेको तथ्य विवाद रहित रहेको।<br>ख) प्रस्तुत मुद्दामा आर्थिक वर्ष २०७५।०७६ मा मिति २०७५।११।१२ सम्ममा मालपोत कार्यालय, सिमरा, बाराको राजश्व असुली, बैंक दाखिला र राजश्व हिनामिना सम्बन्धी तालिका (आरोपपत्रको पृ. १०) बमोजिम विभिन्न मितिमा विभिन्न रसिद नम्बरबाट विभिन्न शीर्षकमा रु. १४,७१,७४,३७१।– राजश्व रकम संकलन भएको देखिएकोमा उक्त राजश्व मध्ये रु.१२,८९,४७,३५२।– राजश्व रकम राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, सिमरामा रहेको प्रतिवादीहरु मदन प्रसाद गुप्ता र युगल किशोर ठाकुरको संयुक्त नाममा खोलिएको निजी बचत खाता नं.१२३०००१९१८१० मा दाखिला भएको देखिएको। उक्त निजी बचत खाताबाट मिति २०७५/०८/२८ गते चेक नं. ००३१६७९८७२०२०१ बाट रु.५,३६,९६,९१७।- र मिति २०७५/१०/२७ गते चेक नं. ००३१६७९८७३०२०१ बाट रु. ४,७९,१९,६४२।- गरी दुई वटा चेक काटी जम्मा रु.१०,१६,१६,५५९।- (दश करोड सोह्र लाख सोह्र हजार पाँच सय उनन्साठी रुपैयाँ मात्र) सोही दिन विभिन्न शीर्षकमा बाँडफाँड गरी विभिन्न भौचरहरुबाट राष्ट्रिय वाणिज्य बैंक, कलैयामा रहेको राजश्व खाता र कोष तथा लेखा नियन्त्रक कार्यालय, बाराको खाता नं. १२६०२०६०००००० को विविध खातामा दाखिला भएको। उक्त अवधिमा मालपोत कार्यालय, सिमराबाट संकलन भएको राजश्व रकम रु.१४,७१,७४,३७१।- (रुपैयाँ चौध करोड एकहत्तर लाख चौहत्तर हजार तीन सय एकहत्तर मात्र) मध्ये रु.१,८२,२७,०१९।-(एक करोड वयासी लाख सत्ताईस हजार उन्नाईस रुपैयाँ मात्र)(आरोपपत्रमा तालिकमा विस्तृत विश्लेषण भएको) को कुनै हिसाब किताब नदेखिएको तथा रु.२,७६,४४,००१।१३ राष्ट्रिय वाणिज्य बैंक, शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रचलित कानून वमोजिम तोकिएको समयभित्रमा सम्वन्धित राजश्व खातामा दाखिला नगरी खाइमास्ने कार्य गरेको देखिएकोले मालपोत कार्यालय, सिमराका कार्यालय प्रमुख (नायब सुब्बा) मदन प्रसाद गुप्ता, लेखापाल युगल किशोर ठाकुर र नायब सुब्बा शत्रुधन राउतले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) वमोजिमको कार्य गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (झ) वमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले उक्त कसूर अपराधमा निज प्रतिवादीहरु मदन प्रसाद गुप्ता, युगल किशोर ठाकुर र शत्रुधन राउतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिम हदैसम्मको सजाय हुन मागदावी लिईएको। | भएको नदेखिँदा प्रतिवादीहरुले आरोपदावीवाट सफाई पाउने।<br>ग) प्रतिवादीहरुले कसुरमा ईन्कारी वयान गरेको।<br>बेरुजु र भ्रष्टाचार फरकफरक विषय हुन्, सबै बेरुजु भ्रष्टाचार हुँदैनन् र भ्रष्टाचार हुनको लागि आन्तरिक लेखापरिक्षण र महालेखापरीक्षणले बेरुजु देखाएकै हुनुपर्छ भनी अनिवार्यता पनि रहदैन भन्ने विषयमा सम्मानित सर्वोच्च अदालतबाट (नि.न.१०२०८ र नि.न.१०६९४) धेरै मुद्दाहरुमा व्याख्या र निर्णय भएको। | कार्यालय, सिमरामा निज मदन प्रसाद गुप्ता र युगल किशोर ठाकुरको नाममा खोलिएको व्यक्तिगत बचत खाता नं. १२३०००१९१८१० मा मौज्दात नै रहेको देखिन्छ। यसरी, प्रतिवादीहरु कार्यालय प्रमुख मदन प्रसाद गुप्ता र लेखापाल युगल किशोर ठाकुर समेतको मिलोमतोमा विभिन्न मितिमा विभिन्न रसिद नम्बरबाट विभिन्न शीर्षकमा संकलन भएको राजश्व रकममध्ये रू.४,५८,७१,०२०।१३ (रुपैयाँ चार करोड अन्ठाउन्न लाख एकहत्तर हजार बीस पैसा तेह्र) कुनै हिसाव किताव नै नदेखिइएको तथा प्रचलित कानुन बमोजिम सम्बन्धित राजश्व खातामा दाखिला नगरी आफू समेतको नाममा खोलिएको निजी बैंक खातामा जम्मा गरी हिनामिना गरेको देखिएको।<br>ग) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९(१) ले सरकारी कारोबार गर्न तोकिएको बैंकमा महालेखा नियन्त्रक कार्यालयको नाममा रकम जम्मा गर्न मिल्ने गरी खोलिएको राजश्व खाता (Non-Operative Revenue Account) मा मात्र संकलित राजश्व रकम जम्मा गर्नुपर्ने भनी व्यवस्था गरेको। जग्गा प्रशासन निर्देशिका, २०५८ को दफा ११ मा "सम्बन्धित फाँटवालाले फाँटबाट असूल भएको रकम बुझाँउदा दिनभर असूल भएको रकमको विवरण तयार गरी चलानी साथ बुझाँउनु पर्छ।" भन्ने व्यवस्था रहेको छ। आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १८ मा "राजश्व रकम बैंक दाखिला गर्ने, गराउने र लेखा राख्ने, राख्न लगाउने उत्तरदायित्व कार्यालय प्रमुख मार्फत लेखा प्रमुखको हुनेछ।" भन्ने व्यवस्था रहेको छ।यसरी, प्रतिवादीहरु मदन प्रसाद गुप्ता, युगल किशोर ठाकुर र शत्रुधन राउतले एकआपसको मिलोमतो र प्रत्यक्ष संलग्नतामा मालपोत कार्यालय, सिमरा, बाराबाट विभिन्न शीर्षकमा संकलित राजश्व रकम सोही कार्यालयको लेखामा बुझाई कार्यालय प्रमुख समेतले जिम्मा लिई सम्बन्धित राजश्व खातामा कानुन बमोजिम दाखिला गरी कार्यालय प्रमुखले प्रमाणित गरी सोको अभिलेख अद्यावधिक गरी सुरक्षित राख्नुपर्नेमा आफ्नो पदको दुरुपयोग गरी बदनियतपूर्वक आफूलाई तोकिएको जिम्मेवारी र पदीय दायित्वबाट विमुख भई संकलित राजश्व निजी बचत खातामा जम्मा गर्ने तथा कार्यालयको हिसाब किताब समेत दुरुस्त राख्ने कार्य नगरी ठुलो रकमको कुनै हिसाव किताव नै नदेखाई आर्थिक वर्ष २०७५/०७६ को फाल्गुण १२ गतेसम्ममा संकलित राजश्व रकममध्ये रू. ४,५८,७१,०२०.१३ प्रचलित कानुन बमोजिम तोकिएको समयभित्रमा सम्बन्धित राजश्व खातामा दाखिला नगरी तथा राजश्व हिनामिना गरी भ्रष्टाचारको कसुर गरेको पुष्टि भएको।<br>घ) राजश्व उठाउने कर्तव्य भएको राष्ट्र सेवकहरुले उठाएको राजश्व कहाँ, कसरी र कुन प्रकृयावाट राजश्व खातामा दाखिला गर्ने भन्ने कुरा माथी उल्लेखित कानूनहरुमा स्पष्ट रुपमा उल्लेख भएको।राजश्व उठाएको रकम व्यक्तिगत वचत खाता खोली जम्मा गर्ने र रकम निकालेर मस्यौट गर्ने कार्य प्रथम दृष्टि मै गम्भिर र मनसायगत अपराध हो । केवल स्वेतपोसधारी व्यक्तीहरुले गरेको कार्य भनि निजहरुलाई यति गम्भिर कसुरमा यो वा त्यो तर्क गरी सफाई दिई भएको फैसला न्यायपूर्ण र तर्क संगत मान्न सक्ने अवस्था छैन। उठाएको राजश्व व्यक्तिगत खाता खोली जम्मा गर्ने कार्य आफैमा पूर्ण अपराध हो । उक्त अपराध घटित गरे पछि उक्त रकम मध्ये केही रकम सोही खातामा नै रहेको छ वा मस्यौट गरेको रकम आरोप दायर भएको धेरै समय पछाडी विभिन्न मितिमा बैङ्क जम्मा गरेको भन्ने मात्र आधारमा पहिले विभिन्न नै पूर्ण रुपमा अपराध गरी सकेको कसुरमा सफाई दिदै जाने हो भने यस्तो गम्भीर कसुर अपराधमा स्वेतपोसधारी अन्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अभियुक्तहरुलाई अवका दिनमा कसुर गर्न प्रश्रय, हौसला मिल्ने अवस्था स्पष्ट देखिएको। सम्मानित अदालतको फैसलावाट यस्तो अवस्था सृजना हुनु आफैमा न्यायपूर्ण कार्य होइन।<br>ङ) स्वंय विशेष अदालतले फैसलाको प्रकरण नं.३१ मा व्यक्तिको नाममा खाता खोली त्यसमा सरकारी राजस्व रकम जम्मा गर्नु कानूनतः गलत हुन्छ भनी स्वीकार गरेको अवस्था छ । साथै फैसलाको प्रकरण नं.३६ मा महालेखापरीक्षकको कार्यालयको प्रारम्भीक प्रतिवेदनमा मालपोत कार्यालय, सिमरा, बाराबाट उठेको राजस्व रकम व्यक्तिका नाममा खाता खोलेर राखेको कार्य नियमित देखिदैन भनी टिप्पणी गरेको भनी उल्लेख गरेको। त्यस्तै फैसलाको प्रकरण नं.३७ मा उक्त बिगो रु.२७६,४४,००१।१३ राजस्व रकम भई सो खाता रोक्का रहेको, प्रचलित कानून वमोजिम जरिवाना एवं बिभागीय कारवाही समेत गर्न सक्ने भनी प्रतिवादीहरुले राजस्व हिनामिना गरेकोमा स्वीकार गरी फैसला गरेको अवस्थामा केवल जरिवाना तथा विभागीय कार्वाही गर्दैमा भ्रष्टाचारको कसुरमा उन्मुक्ती प्राप्त गर्न सक्ने अवस्था नदेखिएको। भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को कानून व्यवस्था हेर्दा समेत प्रतिवादीहरुलाई जरिवाना तथा बिभागीय कार्वाही भए पश्चात आरोपदावी वमोजिम कसुर कायम गरी सजाय गर्नु पर्ने कानुनी व्यवस्था रहेकोमा सो व्यवस्थालाई अन्देखा गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।<br>च) स्वंय अदालतले फैसलाको प्रकरण नं.३७ मा बेरुजु र भ्रष्टाचार फरक फरक विषय हुन्, सबै बेरुजु भ्रष्टाचार हुँदैनन् र भ्रष्टाचार हुनको लागि आन्तरिक लेखापरिक्षण र महालेखापरीक्षणले बेरुजु देखाएकै हुनुपर्छ भनी अनिवार्यता पनि रहदैन भन्ने विषयमा सम्मानित सर्वोच्च अदालतबाट (नि.न.१०२०८ र नि.न.१०६९४) धेरै मुद्दाहरुमा व्याख्या र निर्णय भएको पाईन्छ भनी प्रतिवादीहरुलाई सफाई दिने गरी आधार लिएको सम्वन्धमा हेर्दा “भ्रष्टाचार हुनको लागि आन्तरिक लेखापरिक्षण र महालेखापरीक्षणले बेरुजु देखाएकै हुनुपर्छ भनी अनिवार्यता पनि रहदैन भनी उल्लेख गरेकोवाट प्रस्तुत मुद्दामा महालेखापरीक्षकले बेरुजु लेखेको अवस्थामा देखिदा भ्रष्टाचार नै मान्नु पर्ने अवस्था छ भनी अदालतले नै स्वीकार गरेको तथा विशेष अदालतले नजिरको रुपमा ग्रहण गरेको बेरुजुको सम्वन्धित नजिर(नि.न.१०२०८ र नि.न.१०६९४) को विषय हेर्दा प्रमाण पेश गरेर फछ्यौंट गर्नु प्रकृतीको बेरुजु देखिएकोमा प्रस्तुत मुद्दामा राजस्व उठाई दाखिला गर्न गराउन पर्ने दायित्व भएको कर्मचारीले राजस्व उठाई राजस्व खातामा दाखिला नगरी राजस्व हिनामिना गरेको विषयमा हिनामिना मस्यौट प्रकृती बेरुजु देखिएको। तसर्थ, असान्दर्भिक नजिरको आधारमा प्रतिवादीहरुलाई आरोपदावीवाट सफाई  पाउन ठहर गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>छ) आ.व.२०७५/०७६ को महालेखापरीक्षकको प्रतिवेदनमा बेरुजु देखाइएको रकम रु.१,७८,०९,३७८।– प्रतिवादी शत्रुधन राउतले बैंक दाखिला गरिसकेको भनी मालपोत कार्यालय, सिमरा, बाराको पत्रबाट देखिँदा उक्त अवधिको राजस्व रकम हिनामिना भएको नदेखिँदा प्रतिवादीहरुले  आरोपदावीवाट सफाई पाउने ठहर्छ भनी सफाई दिने आधार लिएको सम्वन्धमा हेर्दा प्रतिवादीहरुले मिति २०७९।०६।१४ गते देखि २०८०।०३।०३ सम्ममा जम्मा रु.१७८,०९,३७८।– दाखिला गरेको भनी मालपोत कार्यालय सिमरा वाराको च.न.१०४५ मिति २०८०।०६।२४ गतेको पत्रवाट देखिएकोवाट कसुरवाट बच्न आरोपदावी दायर भएको धेरै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | समयको अन्तराल पश्चात रकम दाखिला गरेको लाई नै आधार लिई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण रहेको। यसै सन्दर्भ प्रदीप कुमार नकर्मी विरुद्ध नेपाल सरकार भएको भ्रष्टाचार मुद्दामा “कुनै कसुर गरेको कारण कानूनमै देवानी र फौजदारी दुवै दायित्व बहन गर्नु पर्ने भनी उल्लेख भएको अवस्थामा केवल देवानी दायित्व पुरा गरेका कारणले मात्र फौजदारी दायित्वबाट उन्मुक्ति पाउने भनी अर्थ गर्न नमिल्ने। फौजदारी कसुरमा कसुरदारले बहन गर्नुपर्ने देवानी र फौजदारी दायित्वहरू फरक फरक दायित्वहरू हुन् । कानूनी व्यवस्थाले नै देवानी र फौजदारी दुवै दायित्वहरू बाध्यकारी हुने भनी उल्लेख गरेको अवस्थामा ऐच्छिक रूपमा देवानी वा फौजदारी दायित्वमध्ये कुनै एक दायित्व मात्र बहन गर्दा पर्याप्त हुने भनी व्याख्या गर्न नमिल्ने । कसुर गरेको समयमा कसुरदारले गरेको कार्यबाट नै फौजदारी दायित्व बहन गर्नुपर्ने। कसुर गरेको भनी लगाइएको अभियोग दाबी प्रमाणबाट समर्थित भइसकेपछि तिर्नुपर्ने रकम दायित्व बहन गरिरहेको छु भनी हानि नोक्सानी भएको बिगोसम्म दाखिल गर्ने प्रयोजनका लागि भएका कार्यहरूबाट फौजदारी दायित्वबाट उन्मुक्ति प्राप्त नहुने ।“ (ने.का.प २०७७ अंक १ नि.न.१०४१५) भनी सर्वोच्च अदालतवाट नजिर प्रतिपादन भएको अवस्थामा सो नजिरको प्रतिकुल हुने गरी विगो दाखिला गरेको आधारमा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटि पूर्ण रहेको।<br>**ज)** यसै सन्दर्भमा (स.अ.बु, वर्ष १८, अंक १५, मंसीर २०६६, पूर्णांक ४१७, पृष्ठ १९), (नि.न.१०१४२, भाग ६०, अंक ११), ( ने.का.प.२०६६, नि.न.८०६९, भाग ५१, अंक २, जेष्ठ, पूर्ण इजलास) मा सर्वोच्च अदालतवाट प्रतिपादन भएको नजिरहरुको प्रतिकुल हुने गरी भएको प्रस्तुत फैसला त्रुटी पूर्ण रहेको। |